

नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, कात्तिक ६ गते २०३८ साल (अतिरिक्ताङ्क ४२

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

श्री ५ महाराजाधिराजबाट त्रिभुवन विश्वविद्यालयको कुलपतिको हैसियतले उक्त विश्वविद्यालयका उप-कुलपति डा. महेन्द्रप्रसादको पदावधि यही २०३८ साल कार्तिक १६ गते समाप्त हुने भएकोले रिक्त हुन आउने उपरोक्त उप-कुलपति पदमा नियुक्तिको लागि उपयुक्त व्यक्तिहरूको कम्तीमा ३ (तीन) जनाको नामावली सिफारिश चढाउन त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ को दफा १२ को उप-दफा (१) बमोजिम देहायमा उल्लेख भएका व्यक्तिहरूको एक समिति गठन गरिबक्सेको छ ।

१. मा. शिक्षा तथा संस्कृति मन्त्री श्री नारायणदत्त भट्ट,
२. मा. श्री मदनबहादुर प्रधान,
३. श्री जगतमोहन अधिकारी ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, राजदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता सदर विभागबाट प्रमाणित गरिएकोमात्र मान्य हुनेछ

मुद्रण विभाग, सिंहदरबार

आधिकारिक छाप मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।